# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन निर्देशनालय

पत्र संख्याः
च.नं.

मितिः २०७५।१२।१०

श्री प्रमुखज्यू,
बेलबारी नगरपालिका,
मोरगं ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट बेलबारी नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी -** आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी -** प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार -** कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.१ करोड ३९ लाख ४३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१० लाख ७४ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ११ लाख ३४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.६ लाख १३ हजार र पेश्की ११ लाख २२ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३.. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।१०।२८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम भएको व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना एघार (११) यसै साथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय -** कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# बेलवारी नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । यो नगरपालिका अन्तर्गत ११ वडा, ६० नगर सभा सदस्य, १३२.७८ वर्ग कि.मी.क्षेत्रफल र ६९४९८ जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| आयतर्फ | | | | व्ययतर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | रकमरु. | सि.नं. | विवरण | रकम | रकम |
| १ | **गतआ.ब.को मौज्दात (पूंजीगत)** | | | १ | **चालु खर्च** | | |
| | क) नगद | | | | अन्तर सरकारी बित्तिय हस्तान्त्रण | | २१०८५७८६४।३५ |
| | ख) बैंक | ३८६४२१५५।३२ | ३८६४२१५५।३२ | | क) बित्तीय समानिकरण अनुदान(**चालू खर्च**) | ९४६५१८६४।३५ | |
| २ | **राजश्व (आन्तरिक आयखाता)** | | २५५०१४९७५९ | | ख) बचत रकम**स्थानीय सञ्चितकोष**खातामाफिर्ता | ०।०० | |
| | क) आन्तरिक राजश्व | २४५५७६३७७२ | | | ज्येष्ठनागरिक दीर्घ सेवा सम्मान र समाजिक सुरक्षाकार्यक्रम | १०९७९४५००।०० | |
| | ख) राजश्वबाडफाड | ९४३८५९।८७ | | | ख) बचत रकम संघिय सञ्चितकोष खातामाफिर्ता | ६४११५००।०० | |
| | ग) अन्यआय | ०।०० | | | झोलुंगे पूल क्षेत्रगतकार्यक्रम(**जिल्ला समन्वय समितिबाट प्राप्त**) | ०।०० | |
| ३ | **संघिय सरकारबाट प्राप्त** | | ४४२०५५०००।०० | | ख) बचत रकम संघिय सञ्चितकोष खातामाफिर्ता | ०।०० | |
| | **अन्तर सरकारी बित्तिय हस्तान्त्रण** | | | | **गरिब संग बिशेश्वर** | ०।०० | |
| | **१) बित्तीय समानिकरण अनुदान पूंजीगत** | २८५१०९०००।०० | | | बचत रकम संघिय सञ्चितकोष खातामाफिर्ता | ०।०० | |
| | क) बित्तीय समानिकरण अनुदान पूंजीगत | | | | आन्तरिक आय(**चालु खर्च**) | २२०९५९४५।६२ | २२०९५९४५।६२ |
| | ख) बित्तीय समानिकरण अनुदानचालु | | | | **२) सशर्त अनुदान** | | १५६९००१९९।९८ |
| | **२) सशर्त अनुदान** | १५६९४६०००।०० | | | क) आयुर्वेद सेवाकार्यक्रम | ०।०० | |
| | | | | | बचत रकम संघिय सञ्चितकोष खातामाफिर्ता | ०।०० | |
| | क) आयुर्वेद सेवाकार्यक्रम | ०।०० | | | ख) पशु सेवाविभाग | ०।०० | |
| | ख) पशु सेवाविभाग | ०।०० | | | ग) कृषीविभाग | २९५८००।०० | |
| | | ०।०० | | | बचत रकम संघिय सञ्चितकोष खातामाफिर्ता | ०।०० | |
| | ग) कृषीविभाग | ०।०० | | | घ) स्वास्थ्य सेवाकार्यक्रम | २००४३१६२।९८ | |
| | | ०।०० | | | बचत रकम संघिय सञ्चितकोष खातामाफिर्ता | २२७१२३७०० | |
| | घ) स्वास्थ्य सेवाकार्यक्रम | ०।०० | | | ङ) शिक्षा सेवाकार्यक्रम | १३३०३९१०९।०० | |
| | ङ) शिक्षा सेवाकार्यक्रम | ०।०० | | | बचत रकम संघिय सञ्चितकोष खातामाफिर्ता | १२५०८९१।०० | |
| | | ०।०० | | | साबिकगाविसबाट फिर्ता, बेरुजु साथै अन्य | ०।०० | |
| | **ज्येष्ठनागरिक दीर्घ सेवा सम्मान र समाजिक सुरक्षाकार्यक्रम** | ११६२२६४००।०० | ११६२२६४००।०० | | **स्थानीयशासनतथा सामूदायिकविकास कार्यक्रम**(चालू) | ८७९०००।०० | ८७९०००।०० |
| | **गरिब संग बिशेश्वर** | ०।०० | | | बचत रकम संघिय सञ्चितकोष खातामाफिर्ता | ०।०० | |
| | **स्थानीयशासनतथा सामूदायिकविकास कार्यक्रम**(चालू) | ८७९०००।०० | ८७९०००।०० | २ | **पूंजीगतखर्च** | | |
| | **स्थानीयशासनतथा सामूदायिकविकास कार्यक्रम**(पुंजीगत) | ६०००००।०० | ६०००००।०० | | **अन्तर सरकारी बित्तिय हस्तान्त्रण** | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **सडक बोर्ड नेपाल** | ४०९०८२७।०० | ४०९०८२७।०० | | क) बित्तीय समानिकरण अनुदान( **पूंजीगतखर्च)** | १४६०५२००३।४७ | १४६०५२००३।४७ |
| | **समाज कल्याण कार्यक्रम** | १००००००।०० | १००००००।०० | | | | |
| | **महिला शशक्तिकरण कार्यक्रम** | ५००००००।०० | ५००००००।०० | | ख) बित्तीय समानिकरण अनुदान ( पूंजीगतखर्च) कार्यक्रमको बचत रकम**स्थानीय सञ्चितकोष** खातामाफिर्ता | ०।०० | |
| | **पर्यटन पुर्वाधार बिकास कार्यक्रम** | ८००००००।०० | ८००००००।०० | | **प्रदेश सरकारबाट अनूदान** | | ५६९९३७।०० |
| ४ | **प्रदेश सरकारबाट प्राप्तअनूदान** | | ५७००००००।०० | | **उद्योग मन्त्रालय** | ३९९३७।०० | |
| | क) बित्तीय समानिकरण अनुदान | ०।०० | | | **आर्थिक मामिला मन्त्रालय** | ३३०५१०९।०० | |
| | ख) सशर्त अनुदान | ०।०० | | | **सामाजि बिकास मन्त्रालय** | १३८२५१४।०० | |
| | ग) समपुरक अनुदान | ०।०० | | | बचत रकम प्रदेश सञ्चितकोष खातामाफिर्ता | ६१२३७७।०० | |
| | घ) बिशेष अनुदान | ५७००००००।०० | | | ) गतआ.व. कार्यक्रमको बचत रकम**स्थानीय सञ्चितकोष**खातामाफिर्ता | ०।०० | |
| ५ | **अन्तर स्थानीयतहबाट प्राप्त** | | | | सडक बोर्ड नेपाल | ४०८४०७०।३५ | ४०८४०७०।३५ |
| | झोलुंगे पूल क्षेत्रगतकार्यक्रम(**जिल्ला समन्वय समितिबाट प्राप्त)** | ०।०० | | | पर्यटन पुर्वाधार बिकास कार्यक्रम | ७७६१९३।०० | ७७६१९३।०० |
| | पूर्ण सरसफाई कार्यक्रम(जिल्ला समन्वय समितिबाट प्राप्त) | ०।०० | | | समाज कल्याण कार्यक्रम | १००००००।०० | १००००००।०० |
| | ओ.डि.एफ.(जिल्ला समन्वय समितिबाट प्राप्त) | ०।०० | | | महिला शशक्तिकरण | ५००००००।०० | ५००००००।०० |
| ६ | **वित्तीयव्यवस्थाबाट प्राप्त** | ०।०० | | | स्थानीयशासनतथा सामुदायिकविकास कार्यक्रम(**पुंजीगतखर्च)** | ६००००००।०० | ६००००००।०० |
| | क) ऋण प्राप्ति | ०।०० | | | आन्तरिक आय(**पुंजीगतखर्च**) | | ४७४८८३१२।६३ |
| | ख) सावाप्राप्ति | ०।०० | | | पुंजीगतखर्च | ३८४९४१५४।६३ | |
| | ग) ब्याजप्राप्ति | ०।०० | | | नपा अनुदान | १७५५११०।०० | |
| | घ) अन्यप्राप्ति | ०।०० | | | नगरक्षेत्र पुर्वाधार | २६२३१९२।०० | |
| ७ | **बिभिन्नकोषतर्फको आय** | | | | संघीय संरचना | ४६१५८५६।०० | |
| | जनसहभागिता (नगद) | २५०६७१४६।०० | २५०६७१४६।०० | ३ | **बित्तीयव्यवस्थाभुक्तानी** | | |
| | | | | | क) ऋण भुक्तानी | ०।०० | |
| ८ | गतबर्षको सामाजिक सुरक्षाभत्ताफिर्ता | ०।०० | | | ख) ब्याजभुक्तानी | ०।०० | |
| ९ | धरौटी | ४५१०२०८।०० | ४५१०२०८।०० | | ग) अन्यभुक्तानी | ०।०० | |
| १० | लगानीको सावाफिर्ता | ०।०० | | ४ | **लगानी** | ०।०० | |
| ११ | अन्यविविधआय | | ७१४३२०।०० | | क) ऋण लगानी | ०।०० | |
| | जिल्ला प्रशासनकार्यालयबाट प्राप्त | ६२५०००।०० | | | ख) शेयर लगानी | ०।०० | |
| | जिल्ला शिक्षा कार्यालयबाट प्राप्त | ८९३२०।०० | | | ग) अन्यलगानी | ०।०० | |
| १२ | साबिकगाविसबाट फिर्ता, बेरुजु साथै अन्य | ०।०० | | ५ | **धरौटी फिर्ता** | १३७६५०४।८८ | १३७६५०४।८८ |
| | | | | ६ | **कोष खर्च** | ५८९३२०।०० | ५८९३२०।०० |
| | | | | | **कूलखर्च** | ५९७९९८७८५।२८ | ५९७९९८७८५।२८ |
| | | | | ७ | **सञ्चितकोष खातातर्फ स्रेस्ताअनुसार मौज्दात** | | ६४२५४०६५।५१ |
| | | | | | क) नगदमौज्दात | ०।०० | |
| | | | | | ख) स्रेस्ताअनुसार बैंक मौज्दात | ०।०० | |
| | | | | | i) गतआ.व.कोमौज्दात | ०।०० | |
| | | | | | ii) पूर्णसरसफाईकार्यक्रम (जि.स.स.बाटप्राप्त) | ०।०० | |
| | | | | | iii) ओ.डिएफ. (जि.स.स.बाटप्राप्त) | ०।०० | |
| | | | | | iv) वित्तीयसमानिकरणअनूदान (पूँजीगत) | ४४४०५१३२।१८ | |
| | | | | | v) साविकगाविसबाटफिर्ताबिरुजुसाथैअन्य | ०।०० | |
| | | | | | vi) आन्तरिकआय | १९८४८९३३।३३ | |
| | | | | | vii) गतआ.व.कोमौज्दात (पूँजीगत) | ०।०० | |
| | | | | | viii) बित्तीयसमानिकरणअनुदान (पूँजीगत) | ०।०० | |
| | | | | | ix) बितीयसमानिकरणअनुदान (चालु) | ०।०० | |
| | | | | | x) झोलुङ्गेपुलक्षेत्रगतकार्यक्रम (चालु) | ०।०० | |
| | | | | | xi) कर्मचारीकल्याणकोष | ०।०० | |
| | | | | | xii) महिलातथाबालबालिकाकोष | ०।०० | |
| | | | | ८ | **धरौटी** | ३१३३७०३।१२ | ३१३३७०३।१२ |
| | **जम्मा** | ६६५३८६५५३।९१ | ६६५३८६५५३।९१ | | **जम्मा** | ६६५३८६५५३।९१ | ६६५३८६५५३।९१ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| १. | **वार्षिक खरिद योजना/ गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनु पर्ने व्यवस्था छ । यस नगरपालिकाले वित्तीय समानीकरण अन्तर्गत वार्षिक रु १४ करोड ६० लाख ५२ हजार खरिद कार्य गरेको छ । तर नगरपालिकाले आफ्नो खरिद ऐन नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको छ । अतः उक्त नियमावली बमोजिम खरिद योजना तथा गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| २. | **वजेट पारित :-**स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले २०७४।९।२९ को नगरसभाबाट आर्थिक बष २०७४।७५ को योजना तथा कार्यक्रम र आयव्ययको बिबरण सभामा पेश गरि पारित गरेकोमा २०७५।०३।२९ मा पुनः संसोधन गरेको पाइयो ।ऐनले तोकेको अबधी भित्र आर्थिक बर्षको राजस्व र ब्ययको अनुमान प्रस्तुत गरिनु पर्दछ । | |
| ३. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन एने, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ ।सो बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याएको पाईएन । अतः ऐन बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ४. | **आन्तरिक ऋणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम नगरपालीकाले वित्त आयोगको सिफारिसमा सम्वन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक , आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । तर नगरपालिकाले यो वर्ष स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम कुनै किसिमको ऋण लिएको पाइएन । | |
| ५. | **स्थानीय तथ्यांक र अभिलेख**ः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन , अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यस नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती , कानून र सोको मापदण्ड बनाएको पाईएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ नगरपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ६. | **उपभोक्ता समिति छनौट -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समूदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समूदायको व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा संझौता बाहेक संझौता पूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ । | |
| ७. | **गुणस्तर परीक्षण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयबाट खरिद गरिएका ल्यापटप ,निमार्ण सामाग्री खरिदको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेकोछैन । अतः ती सामानहरुको गुणस्तर संबन्धमा सुनिश्चित गरिनु पर्दछ । | |
| ८. | **कर्मचारी व्यवस्था :**निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाको कर्मचारी दरवन्दी ८६ रहेकोमा पदपूर्ति ६६ मात्र रहेको देखियो । रिक्त २० पदमध्ये १६ जना करारमा राखि कार्य संचालन गरिएको छ । जनशक्तिको अभावमा नगरपालिकाको कार्यसम्पादन र सेवा प्रबाहमा समेत असर परेकोले दरबन्दी अनुसार पदपूर्ति गरिनु पर्दछ । | |
| ९. | **कन्टिन्जेन्सी खर्चको अभिलेख–** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयकोमिति २०७०।१।१५को निर्णय अनुसार खर्च गर्दा पुंजिगत प्रकृतिको २ प्रतिशत र अन्य साना तिना खर्च ३ प्रतिशत भन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयवाट योजना कार्यान्बयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चवाट ५ प्रतिशत कट्टागर्ने गरेको देखिएतापनि सोको आयोजनागत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा सो राख्ने गरेको छैन । कार्यालयवाट प्राप्त विवरण अनुसार यस वर्ष वित्तिय समानिकरणको पूजिंगत तर्फ विभिन्न योजनाको लागी १४ करोड ६० लाख ५२ हजार खर्च गरेकोमा आयोजनागत कन्टिन्जेन्सि खर्च खाता नराखी योजना अनुगमन तथा कार्यालय सामानमा रु १३९१५४७.०० खर्च गरेको देखियो । आयोजनागत कन्टिन्जेन्सी खर्च अभिलेख नराखेको कारण उक्त खर्च सीमा भित्र रहेको र पुंजिगत खर्च समेत भएको सुनिश्चित हुने आधार भएन । अतः नियमावलीमा भएको ब्यबस्था बमोजिम कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिनजेन्सि खर्चमा नियन्त्रण गरिनु पर्दछ । | |
| १०. | **धरौटी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३ मा धरौटी श्रेस्तामा आम्दानी नजनिएको तर बैंक खातामा जम्मा भएको रकमको सम्बन्धमा सम्बन्धित व्यक्तिबाट रकम दाखिला भएको नब्बे दिन भित्र दाखिला प्रमाण पेश हुन नआएमा त्यस्ता रकम सदर स्याहा गरी राजस्व खातामा दाखिला गर्नुपर्ने उल्लेख छ । कार्यालयको धरौटी श्रेस्ता अनुसार ३१३३७०३.१२ र बैंक अनुसार ३७२४०६१.९९ रहेकोमा रु. ५९०३५८.८७ बढी रकम मध्ये ५८९६०० आम्दानी बाधेकोमा बाकी रु ७५८.८७ नियमावली अनुसार आम्दानी बाध्नु पर्ने रु | ७५८.८७ |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td>११.</td><td>पदाधिकारी भत्ता तथा सुविधा :स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले अनूसूची १ मा उल्लेख भए बमोजिमका रकम मासिक सुविधा वापत पाउने व्यवस्था छ । नगरपालिकाले उपयुक्तानुसार कानूनमा व्यवस्था नभएको विभिन्न भत्ता वापत निम्नानुसार अतिरिक्त भत्ता सुविधा लिएको नियमसंगत पाइएन रु
<table>
<tr><th>पदाधिकारी</th><th>अनुसूची १ बमोजिम पाउने सुविधा</th><th>अतिरिक्त सेवा सुविधा</th><th>अतिरिक्त भुक्तानी रकम</th></tr>
<tr><td>मेयर</td><td>२३०००.००</td><td>२२०००.००</td><td>२६४०००.००</td></tr>
<tr><td>उपमेयर</td><td>२०५००.००</td><td>१४५००.००</td><td>१७४०००.००</td></tr>
<tr><td>वडा अध्यक्ष (११ जना)</td><td>१२०००.००</td><td>१३०००.००</td><td>१७१६०००.००</td></tr>
<tr><td>का.पा.सदस्य (८ जना)</td><td>६५००.००</td><td>५५००.००</td><td>५२८०००.००</td></tr>
<tr><td>वडा सदस्य (३९ जना)</td><td>४५००.००</td><td>५५००.००</td><td>११७००००.००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३८५२०००</td></tr>
</table></td><td>३८५२०००</td></tr>
<tr><td>१२.</td><td>कर्मचारी सुविधा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ मा स्थानीय सेवाको शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघिय कानून बमोजिम तथा दफा ८८ मा स्थानीय सेवाका कर्मचारीको शुरु तलव स्केल प्रदेश सरकारले तोके बमोजिम हुने व्यवस्था छ । नगरपालिकामा कार्यरत कर्मचारीले मासिक तलवमा थप भत्ता२८ प्रतिशतका दरले भुक्तानी गर्ने गरेको पाइएकोले उक्त सुविधा संघिय कानूनको सिद्धान्त र मापदण्ड अनुकुल नदेखिएकोले मिति २०७४।०४।०१ देखि २०७५।०३।३२ सम्ममा विभिन्न पदको ४२ कर्मचारीको रु.४०६१६७८.७९ खर्च लेखेको नियमसम्मतपाईएन रु</td><td>४०६१६७८.७९</td></tr>
<tr><td>१३.</td><td>अग्रिम कर : आयकर ऐन, २०५८ को दफा ८८ मा बासिन्दा व्यक्तिको नेपालमा स्रोत भएको भाडा भुक्तानी गरेकोमा दश प्रतिशतका दरले र दफा ८९(१) मा ठेक्का वा करार बापत पचास हजार रुपैयाभन्दा बढीको रकम भुक्तानी दिँदा भुक्तानीको कुल रकममा एक दशमलव पाँच प्रतिशतका दरले करकट्टी गर्नुपर्ने उल्लेख छ । कार्यालयले सिमेन्ट, तारजालीको जिल्ला दररेटमा मूल्य अभिवृद्धिकर थप गरी उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । माटो खन्ने, सम्माउने काममा डोजर, रोलर मेसिन प्रयोग गरेको भाडा भुक्तानी गरेको भरपाई पेश भएको छ । मेशिन प्रयोग गरेकोमा १० प्रतिशत भाडा कर असूल गर्ने उपभोक्ता समिति सँगको संभ्मौतामा उल्लेख छ । सिमेन्ट तारजाली खरिद गरेको कर विजकमा ऐन अनुसार १.५ प्रतिशत अग्रिम कर र भाडा भुक्तानीमा १० प्रतिशत भाडा कर असूल गरेकोमा निम्नानुसार घटि अग्रिम कर असूल गरीएकोले घटी अग्रिम कर असूल गरेको राजस्व दाखिला प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं./ मिति</th><th>सिमेन्ट, तारजाली मूल्य</th><th>डोजर रोलर भाडा मूल्य</th><th>१.५ प्रतिशतले कर कट्टि हुनुपर्ने रु.</th><th>१० प्रतिशतले कर कट्टी हुनुपर्ने रु.</th><th>जम्मा कर कट्टी हुनुपर्ने रु.</th><th>कर कट्टा गरेको रु.</th><th>घटि रु.</th></tr>
<tr><td>४६६/०७५/०३/२८</td><td>७३६४२८.६०</td><td>७४७०००.०</td><td>११०४६.४२</td><td>७४७००.००</td><td>८५७४६.४२</td><td>६५७२१.०</td><td>२००२५.४२</td></tr>
<tr><td>२९५/०७५/०३/०३</td><td>६९३९०६.०</td><td>४६०५५०.०</td><td>१०४०८.५९</td><td>४६०५५.०</td><td>५६४६३.५९</td><td>३७५८०.०</td><td>१८८८३.५९</td></tr>
<tr><td>३६०/०७५/०३/१५</td><td>१७८२३००.०</td><td>११२२००.०</td><td>२६७३४.५०</td><td>११२२०.०</td><td>३७९५४.५०</td><td>२८४९३.०</td><td>९४६१.५०</td></tr>
<tr><td>१६५/०७५/०१/३०</td><td>४०४२१३.०</td><td>८९१६५५.०</td><td>६०६३.१९</td><td>८९१६५.०</td><td>९५२२८.१९</td><td>१४२५०.०</td><td>८०९७०.१९</td></tr>
<tr><td>२१६/०७५/०२/१४</td><td>११७१०१०.०</td><td>२९१२००.०</td><td>१७५६५.१५</td><td>२९१२०.०</td><td>४६६८५.१५</td><td>२१९२७.०</td><td>२४७५८.१५</td></tr>
<tr><td>४६३/०७५/०३/२८</td><td>२४६८४४६.०</td><td>०</td><td>३७०२६.६९</td><td>०</td><td>३७०२६.६९</td><td>२३०६५.०</td><td>१३९६१.६९</td></tr>
<tr><td>३०९/०७५/०३/०५</td><td>१३३६८४३.०</td><td>१२९६०००.०</td><td>२००५२.६४</td><td>१२९६००.०</td><td>१४९६५२.६४</td><td>३५२१७.०</td><td>११४४३५.६४</td></tr>
<tr><td>२५५/०७५/०२/२४</td><td>१२४२८३८.०</td><td>१०३६२००.</td><td>१८६४२.५७</td><td>१०३६२०.०</td><td>१२२२६२.५७</td><td>३१६९६.०</td><td>९०५६६.५७</td></tr>
<tr><td>३०८/०७५/०३/०५</td><td>१७७२०००.०</td><td>५१२०००.०</td><td>२६५८०.०</td><td>५१२००.०</td><td>७७७८०.०</td><td>३५३९१.०</td><td>४२३८९.०</td></tr>
<tr><td>२०९/०७५/०२/१३</td><td>१२८३९३८.०</td><td>६५३५५०.०</td><td>१९२५९.०</td><td>६५३५५.०</td><td>८४६१४.०</td><td>२९१७९.०</td><td>५५४३५.०</td></tr>
</table></td><td>८९२५३५.१७</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २३५/०७५/०२/१८ | २५६२३३.० | ५१९००६.० | ३८४३.४९ | ५१९००.० | ५५७४३.४९ | १२८७१.० | ४२८७२.४९ |
| १९३/०७५/०२/०७ | १८२७६६२.० | ६८०२८०.० | २७४१४.० | ६८०२८.० | ९५४४२.० | ३०१६६.० | ६५२७६.० |
| ४४९/०७५/०३/२७ | १७५६३२८.० | ३९८०००.० | २६३४४.९२ | ३९८००.० | ६६१४४.९२ | २४५३८.० | ४१६०६.९२ |
| ४६८/०७५/०३/२९ | ७६०८८५.० | १९३९८८२.० | ११४१३.२७ | १९३९८८.० | २०५४०१.२७ | ११६३२.० | १९३७६९.२७ |
| २५६/०७५/०२/२४ | १३२७६४९.३८ | ८७३६००.० | १९९१४.७४ | ८७३६०.० | १०७२७४.७४ | २९१५१.० | ७८१२३.७४ |
| | **१८८२०६७९.९८** | **१०४१११२३** | **२८२३०९.१७** | **१०४११११** | **१३२३४२०.१७** | **४३०८७७** | **८९२५३५.१७** |

| | | |
|---|---|---|
| १४. | **भेरियसन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ (१) मा खरिद संम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिती संझौता कार्यान्वयनको क्रममा सृजना भएमा सो को स्पष्ट कारण खुलाई अधिकार प्राप्त अधिकारीले भेरियसन आदेश जारी गर्न सक्ने उल्लेख छ। नगरपालिका भवन निर्माण गर्न गौरी पार्वती जोया एण्ड कन्स्ट्रक्सनसँग लागत अनुमानको १२.७० प्रतिशत घटि १२०१९८२३।५६ मा २०७३ पौष १५ मा संझौता भएको पाइयो । कार्यालय भवनको लागतमा Sanitary को काम छुट भएको उल्लेख गरी पालिकाको २०७५।०१।१५ को निर्णयबाट संझौताको १३.२९ प्रतिशत थप रु.१५९७२९९।५१ भेरियसन स्वीकृत गरी थप कामको कार्यादेश दिई रु.१३६०९०३१।३४ भुक्तानी भएको छ ।सेनिटेशनको काम लागत अनुमानको दररेटमा गराएको छ । शुरु संम्झौता लागतको १२.७० प्रतिशत घटिमा काम भएकोमा थप कामको लागत अनुमान दररेट बराबर भुक्तानी भएको कारणबाट थप कामको रु.१५९७२९९।५१ को घटि १२.७० प्रतिशत रु.२०२८५७०३ बढी व्ययभार परेको छ । साथै, पूर्वानुमान गर्न सकिने कामको भेरियसन गरेको पाइएकोले कानून सम्मत नदेखिएको रु. | १५९७२९९.५१ |
| १५. | **बढी मूल्य अभिवृद्धि कर भुक्तानी :** सार्वजनिक खरिद नियमावली , २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । भवन निर्माण कार्यमा भगवती मा.वि.बेलवारी ३ भवन निर्माण उपभोक्ता समितिलाई रु.१६३०१६९।९३ भुक्तानी भएको छ । उक्त कामको (१:१:५:३) पि.सी.सी.को आइटम र सिमेन्ट मसला १:४ को आइटममा सिमेन्टको मूल्य प्रति के.जी. जिल्ला दररेट अनुसार रु.१४।२० मा मूल्य अभिवृद्धि कर रु.१.८४ थप गरी रु.१६.०४ मा ढुवानी रु.१.६१ समेत रु.१७।६६ प्रति के.जी. रहेको छ । यसरी जिल्ला दररेटमा भ्याट थप गरेपछि पुनः दररेट विश्लेषण अनुसार (१:१:५:३) पि.सि.सी.को प्रति घ.मि.दर रु.१४०५१।६८ मा निर्माण सामाग्री सिमेन्टको मूल्यमा भ्याट रु.९१८।४० थप गरी प्रति घ.मि.रु.१४९७०।१७ लेर १:४ को काममा दररेट विश्लेषण अनुसार प्रति घ.मि. १३,१५९।०४ मा निर्माणा सामाग्री सिमेन्टको मूल्यमा भ्याट रु.१३२१।०६ थप गरी प्रति घ.मि.रु.१४४८०।१० ले उपभोक्ता समितिलाई भुक्तानी भएको छ । यसले सिमेन्टको मूल्यमा दुई पटक भ्याट थप गरेको पाइयो । समितिले सिमेन्ट खरिद गरेको कर विजक पेश गरे तापनि सिमेन्टको मूल्यमा दुई पटक मु.अ.कर थप गरी दररेट कायम गरेको पाइएकोले पि.सि.सी.(१:१:५:३) को काममा प्रति घ.मि. ९१८।४९ ले ३८.६६ घ.मि.को रु.३५५०८।८२ र १:४ को काममा प्रति घ.मि. रु.१३२१।०६ ले २८।४० घ.मि.को रु.३७५१८।१० समेत रु.७३०२६।९२ बढी भुक्तानी हुन गएकोले असूल गर्नुपर्ने रु. | ७३०२६.९२ |
| १६. | **उपभोक्ता समिति मार्फत कालोपत्रे कार्य :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा मितव्ययीता, गुणस्तरीयता वा दिगोपन अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सृजना गर्ने भएमा उपभोक्ता समिति मार्फत गराउने उल्लेख छ । नगरपालिकाले पालिकाको निर्णयबाट हेभी मेशिन प्रयोग हुने जटिल प्रंकृतिको काम प्रिमिक्स कालो पत्रे गर्ने निर्णय गरी विभिन्न उपभोक्ता समिति मार्फत निम्म सडकको कार्य गराएको पाइयो । कालोपत्रे कामको उपभोक्ता समितिलाई रु.१९९७३४७२। भुक्तानी भएको छ । प्राविधिक जनशक्ति इन्जिनियर एक जना मात्र रहेको र कालोपत्रे कार्य आर्थिक वर्षको अन्त्यमा भएकोले निर्माण कार्यमा | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>पर्याप्त ध्यान नपुगी गुणस्तरमा कमजोर हुने जोखिम रहेको छ । साथै, उपभोक्ता समितिमार्फत काम गराउँदा प्रतिस्पर्धा नभएको कारणबाट मितव्ययी पनि नहुने भएकोले सो सम्बन्धमा कार्यालयको ध्यान जानु पर्दछ ।
<table>
<tr><th>बाटो</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>त्रिवेणी चोकदेखि गौथली चोकसम्म</td><td>१३८२९७७.००</td></tr>
<tr><td>बुद्धमार्ग त्रिवेणीपथ</td><td>१७८७५५३.००</td></tr>
<tr><td>पृथ्वीमार्ग, जडिबुटी क्षेत्र</td><td>१४९९४१२.००</td></tr>
<tr><td>सिसौलीमार्ग, कालोपत्रे</td><td>१६४७१८६.००</td></tr>
<tr><td>जनपथ मार्ग</td><td>३१३७१४६.००</td></tr>
<tr><td>सरस्वती मार्ग</td><td>२३४७७९२.००</td></tr>
<tr><td>नेत्रहीन संघ जाने बाटो</td><td>४०८६९१६.००</td></tr>
<tr><td>दोगडेदेखि ३ नं. सीमासम्म</td><td>४०८४४९०.००</td></tr>
<tr><td>जम्मा</td><td>१९९७३४७२.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१७.</td><td>उपभोक्ता समिति मार्फत खरिद कार्य : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता, र दिगोपन अभिवृद्धि हुने वा रोजगारी सृजना गर्ने कार्य गराउन सकिने उल्लेख छ । कार्यालयले उपभोक्ता समिति मार्फत निम्नानुसार रु.१६२३५५७५१ को विद्युत पोल, ह्यूमपाइप र तारजाली खरिद गर्ने कार्य गराएको पाइयो । सामान खरिदम रोजगारी सृजना नहुने, खरिदमा प्रतिस्पर्धा नहुने साथै उक्त सामानको गुणस्तर परीक्षण नगरी खरिद भएकोले गुणस्तरमा समेत विश्वस्त हुन सक्ने अवस्था छैन । कार्यालयले उक्त सामानको जिन्सी आम्दानी समेत नगरेको कारणबाट उक्त निर्माण सामाग्रीको सही उपयोग नहुन सक्ने जोखिम भएकोले निर्माण सामग्री खरिद वापत भुक्तानी कानूनसम्मत नदेखिएको रु.
<table>
<tr><th>उपभोक्ता समिति</th><th>सामानको विवरण</th><th>भुक्तानी रु.</th></tr>
<tr><td>चिसाङ खोला गौथली चोकपूर्व उ.स.</td><td>तारजाली</td><td>३३२७८६.०५</td></tr>
<tr><td>ह्यूमपाईप खरिद उ.स.</td><td>ह्यूमपाईप (६० से.मी. डाय)</td><td>१०००१२.९०</td></tr>
<tr><td>ह्यूमपाईप खरिद उ.स.</td><td>विद्युत पोल</td><td>४६१८३१.००</td></tr>
<tr><td>ह्यूमपाईप खरिद उ.स.</td><td>ह्यूमपाईप (६० से.मी. डाय. ४ थान)</td><td>६१५०८.५६</td></tr>
<tr><td>बेलबारी, १, उ.स.</td><td>८ मीटर विद्युत पोल, ४८</td><td>३६३४०८.००</td></tr>
<tr><td>बेलबारी, १, उ.स.</td><td>ह्यूमपाइप (विभिन्न साइज)</td><td>३०४०११.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१६२३५५७.५१</td></tr>
</table></td><td>१६२३५५७.५१</td></tr>
<tr><td>१८.</td><td>पेश्की फछ्र्यौट :</td><td></td></tr>
<tr><td>१८.१</td><td>मोविलाइजेशन पेश्की : आर्थिक कार्यविधि नियमावली, २०६४ र ठेक्का सम्झौतामा उल्लेख भएबमोजिम पेश्की/मोविलाइजेसन पेश्की फछ्र्यौट गर्नु पर्नेमा मोविलाइजेसन पेश्कीको हकमा म्याद बाँकी नै रहेको र अन्य पेश्की समयमै फछ्र्यौट गर्न ध्यान नदिएको कारण आर्थिक बर्षको अन्तमा नेपाल विद्युत प्राधिकरण,बेलबारी शाखाको रु.४०९३८६.०२ मोविलाइजेशन पेश्की फछ्र्यौट हुन बाँकी</td><td>४०९३८६.०२</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | देखिएकोले आर्थिक कार्यविधि नियमावली र ठेक्का सम्झौता बमोजिम फछ्र्यौट गर्नुपर्ने देखिन्छ । | |
| १८.२ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) मा उपभोक्ता समिति सँग सम्झौतामा सार्वजनिक निकायले उपभोक्ता समीति वा लाभग्राही समुदायलाई उपलब्ध गराउने पेश्की रकम उल्लेख गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले उपभोक्ता समीतिसँग को सम्झौतामा पेश्की रकम उपलब्ध गराउने सम्बन्धमा उल्लेख गरेको छैन । सम्झौतामा पेश्की दिने रकम उल्लेख नगरी आर्थिक वर्षको अन्त्य भित्र फछ्र्यौट नहुने गरी परोपकार शान्तिघाट निर्माण उपाभोक्ता समिति, बेलबारी , ७ पेश्की दिएको छ । अतः सम्झौतामा उल्लेख नगरी पेश्की दिनेलाई जिम्मेवार बनाई अबिलम्ब पेश्की रकम असूल फछ्र्यौट हुनुपर्छ रु | ७१२५००.०० |
| १९. | **सामाजिक सुरक्षातर्फ :**सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७२ को परिषद् ४ को १६ (ख)अनुसार भत्ता वितरण गर्दा सम्बन्धित व्यक्तिलाई मात्र वितरण गर्नु पर्ने वा निजको व्यक्तिगत नाममा बैंकमा खोलिएको सामाजिम सुरक्षा विशेष बचत खातामा उल्लेखित म्याद भित्र जम्मा गरीदिनुपर्नेछ । अन्य व्यक्तिलाई वितरण गरेको पाइएमा यसरी वितरण गर्ने र रकम बुझ्ने दुवैलाई प्रचलित कानून बमोजिम कारवाही हुने उल्लेख छ । कार्यालयले निम्नानुसारको वडामा भत्ता वितरण गर्दा मृत्यु भई लगत कट्टा गर्नुपर्ने लाभग्राहीलाई समेत निम्नानुसारको चौमासिकमा भुक्तानी गरेकालेसम्बन्धित व्यक्तिलाई जिम्मेवार बनाई असूल गर्नुपर्ने रु. | १०९०००.०० |

| वडा नं. | नाम | भत्ता प्रकार | बढी रकम | कैफियत |
|---|---|---|---|---|
| १० | पदम कुमारी थापा | जेष्ठ नागरिक (अन्य) | ४०००.०० | प्रथम चौमासिक |
| १० | पवित्रा कुमारी विष्ट | जेष्ठ नागरिक (अन्य) | ४०००.०० | प्रथम चौमासिक |
| १० | सम्मान जोगी | जेष्ठ नागरिक (अन्य) | ८०००.०० | प्रथम चौमासिक |
| १० | फेराई धिमाल | जेष्ठ नागरिक (अन्य) | ४०००.०० | प्रथम चौमासिक |
| १० | धनमाया मगर | एकल महिला | ८०००.०० | दोस्रो चौमासिक |
| १० | डम्वर बहादुर लिम्वु | जेष्ठ नागरिक (अन्य) | ८०००.०० | दोस्रो चौमासिक |
| १० | रमनी धिमााल | एकल महिला | ८०००.०० | दोस्रो चौमासिक |
| १० | धनमाया मगर | एकल महिला | ८०००.०० | तेस्रो चौमासिक |
| १० | चन्द बहादुर राई | जेष्ठ नागरिक (अन्य) | २०००.०० | तेस्रो चौमासिक |
| १० | तिल माया वि.क. | जेष्ठ नागरिक (दलित) | २०००.०० | तेस्रो चौमासिक |
| १० | सितामाया कामी | जेष्ठ नागरिक (दलित) | ३०००.०० | तेस्रो चौमासिक |
| १० | आशारी लिम्वु | जेष्ठ नागरिक (अन्य) | २०००.०० | तेस्रो चौमासिक |
| ८ | ध्रुव माया बजगाई | जेष्ठ नागरिक (अन्य) | ४०००.०० | दोस्रो चौमासिक |
| ८ | कुल माया थापा | जेष्ठ नागरिक (अन्य) | ६०००.०० | दोस्रो चौमासिक |
| ८ | कलावती बुढाथोकी | जेष्ठ नागरिक (अन्य) | ४०००.०० | दोस्रो चौमासिक |
| ११ | भागीरथी खनाल | जेष्ठ नागरिक (अन्य) | ८०००.०० | प्रथम चौमासिक |
| ११ | लाल पासाङ योन्जन तामाङ | जेष्ठ नागरिक (अन्य) | ४०००.०० | प्रथम चौमासिक |
| ९ | रुद्र बहादुर सुवेदी | जेष्ठ नागरिक (अन्य) | ८०००.०० | प्रथम चौमासिक |
| ९ | टिकाराम गौतम | जेष्ठ नागरिक (अन्य) | ८०००.०० | प्रथम चौमासिक |
| ९ | थुवा खवास | जेष्ठ नागरिक (अन्य) | ६०००.०० | प्रथम चौमासिक |
| **जम्मा** | | | **१०९०००** | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| १९.१ | समाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७२ को परिच्छेद ७ मा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाको सबै वडालाई बैंक मार्फत भत्ता वितरण गरेको पाइएन । | |
| २०. | **नन फाईलर :-**मूल्य अभिवृद्धी कर नियमावली, २०५३ को नियम २६(१) मा दर्ता भएको व्यक्तिले बिक्रम सम्वत अनुसारको एक महिनाको कर अवधिको कर विवरण सो अबधि समाप्त भएको मितिले २५ दिन भित्र अनुसुची -१० बमोजिमको ढाँचामा सम्बन्धित कर अधिकृत समक्ष पेश गर्नुपर्ने व्यबस्था छ । दर्ता भएको कुनै कर दाताले सो बमोजिम मू.अ.कर र कर बिवरण तोकिएको समयमा दाखिला नगरेमा आन्तरिक राजश्व बिभागले ति कर दाता लाई ननफाइलर घोषण गरी वेभ साईटमा समेत सार्वजनिक गर्ने व्यबस्था गरेको छ । निम्नानुसारको निमार्ण व्यवसायी, फर्मरसप्लायर्सले उक्त नियम बमोजिम संकलन गरेको मू.अ.कर र कर बिबरण दाखिला नगरेको कारण निजलाई २०७५ आषाढमा ननफाइलर घोषणा गरी बेभ साइटमा सार्बजनिक गरेको छ । अतः निजहरुलाई निम्नानुसार भुक्तानी भएको मू.अ.कर रकम, सो को ब्याज र शूल्क समेत को रकम सम्वन्धित आन्तरीक राजश्व कार्यालयमा दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने अन्यथा असूल गर्नुपर्ने रु | ६११०९४.२९ |

| सि.नं. | गो.भौ.न र मिति | आपूर्तिकर्ता तथा सेवा प्रदायक | पान /भ्याट नं. | भुक्तानी रकम | मु.अ.कर रकम |
|---|---|---|---|---|---|
| १. | ३/२०७४/०५/१५ | इको प्लस | ६००५५७६३६ | ४४०१०० | ५७२१३ |
| २. | ३/२०७४/०५/१५ | साग्रिला माइक्रो सिस्टम प्रा.लि. | ३०१८००९२९ | ४४०१०० | ५७२१३ |
| ३. | ३३७/०७५/०३/१४ | पाँच सय पचपन्न ईट्टा तथा टायल्स उद्योग | ३००४७६८३० | १०५९९६ | १३७७९.४८ |
| ४. | ३०९/०७५/०३/०५ | गिरी ब्रदर्श कन्स्ट्रक्सन प्रा.लि. | ६०४२५७७६ | १३२००० | १७१६० |
| ५. | ४०७/०७५/०३/२५ | गिरी ब्रदर्श कन्स्ट्रक्सन प्रा.लि. | ६०४२५७७६ | ८५००० | ११०५० |
| ६. | ४४४/०७५/०३/२६ | थारु माझी कन्स्ट्रक्सन प्रा.लि. | | १२४७०१.१५ | १६२११.१४ |
| ७. | ३७१/०७५/०३/१८ | रिद्धि सिद्धि काष्ठ खरिद विक्री | ३००४५६८०४ | ९७१८९३.८१ | १२६३४६.१९ |
| ८. | ४५२/०७५/०३/२७ | रिद्धि सिद्धि काष्ठ खरिद विक्री | ३००४५६८०४ | १८११२५.६७ | २३५४६.३३ |
| ९. | ४५२/०७५/०३/२७ | रिद्धि सिद्धि काष्ठ खरिद विक्री | ३००४५६८०४ | ६६५२७७.८८ | ८६४८६.१२ |
| १०. | ४५७/०७५/०३/२७ | रिद्धि सिद्धि काष्ठ खरिद विक्री | ३००४५६८०४ | ५४५३०.९७ | ७०८९.०३ |
| ११. | विभिन्न मितिमा | ईन्भारो केयर कन्सर्न प्रा.लि. | ६०११२०४२८ | १५०००००.०० | १९५०००.०० |
| | | | | **जम्मा** | **६११०९४.२९** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| २१. | वित्तीय जवाफदेहिता मूल्याङ्कन : कार्यालयले बिभिन्न ऐन कानून एवं कार्यविधिमा भएको व्यबस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यबस्थापकीय, वित्तीय व्यबस्थापन, सेवा प्रवाह र खरिद व्यबस्थापन पक्षसँग सम्बन्धित बिभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनबाट ग्रेड B प्राप्त गरेको छ । वित्तीय जवाफदेहितामा थप सुधार हुनु पर्दछ । | |
| २२. | **बेरुजू -** नगरपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असूल गर्नुपर्ने बेरुजू रु ११ लाख २२ हजार, | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>अनियमित बेरुजू रु १ करोड १३ लाख ४८ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु १२ लाख २७ हजार र पेश्की ११ लाख २२ हजार समेत रु १ करोड ४८ लाख १९ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट/समायोजन भई रु ८ लाख ७६ हजार फछ्र्यौट भई रु १ करोड ३९ लाख ४३ हजार बेरुजू कायम भएको छ ।</td><td></td></tr>
<tr><td>२३.</td><td>अनुगमन तथा मूल्याङ्कन :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था सगरेकोमा निम्नानुसार देखिएको छ :<br><table><tr><th>गत वर्षको बेरुजु रकम (रु.)</th><th>यो वर्ष फछ्र्यौट</th><th>बाँकी</th></tr><tr><td>४९६७३०००</td><td>४१३३०४७५</td><td>८३४२५२५.००</td></tr></table></td><td></td></tr>
<tr><td>२४.</td><td>अद्यावधिक बेरुजु स्थिति : यस नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :<br><table><tr><th>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.)</th><th>यो वर्षको सं प.बाट कायम बेरुजुरु.</th><th>यो वर्षको कायम बेरुजुरु.</th><th>बाँकी</th></tr><tr><td>८३४२५२५.००</td><td></td><td>१३९४२८३५.२७</td><td>२२२८५३६०.००</td></tr></table>उल्लेखित बेरुजुहरु यस नगरपालिकाको आर्थिक कार्यबिधि नियमित तथा व्यबस्थित गर्न बनेको कानून २०७४, ऐन नं.२ बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण असूल फछ्र्यौट गरिनुपर्दछ ।</td><td></td></tr>
</table>

अनुसूची– १

# बेलबारी नगरपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७४।७५

(रु.हजारमा)

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | मोरगं | बेलबारी न.पा | १३ | १६ | १४८१९ | | ५ | ८७६ | १३ | १२ | १३९४३ | १०७४ | १११३४ | ६१३ | | | १२८२१ | | ११२२ | ११२२ |

अनुसूची- २

# स्थानीय तह सञ्चित कोष विवरण
## २०७४।७५

**प्रदेश नम्बर :- १**

(रु.हजारमा)

| क. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५+९) |
| १. | मोरगं | बेलबारी न.पा | ३८६४२ | २८५१०९ | ३१०९०९ | ३०७२६ | ६६५३८६ | २३३८३३ | १९९२४० | १६४९२५ | ५९७९९८ | ६७३८८ |